मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८२।२०८३
च.नं. :

E-mail : info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com

विषय :- सूचना । सूचना ।। सूचना ।।।

(प्रथम पटक प्रकाशति मिति २०८३।०२।१३)

मनराशिसवा नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को नगरसभाबाट स्वीकृत तपसिलको योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्न देहायको प्रावधान सहितको सात देखि एग्घार सदस्यीय एक उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समिति समेत आम उपभोक्ता भेलाबाट गठन गर्न आवश्यक भएकोले निम्न मिति, समय र स्थानमा उक्त आयोजनाबाट लाभान्वित हुने सबै वर्ग र समूह उपस्थित भई नियमानुसारको विवादरहित समिति गठन गर्न गराउन सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

निम्नः

१. मितिः २०८२।०२।१९ गते मंगलवार २. समयः- दिनको ११.०० बजे ।

३. उ.स.गठनका लागि भेला हुने स्थानः- श्री वडा नं.३ को वडा कार्यालय सोनौल , मनराशिसवा न.पा.-३

| सि .नं . | योजनाको नाम / स्थल | स्वीकृत रकम | जिम्मेबार पदाधिकारी / शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | झिंगास्थान फाटको पैनी देखि सन्तराम गढी सोनौल हुदै दुमुहान सम्म कूलो पैनी निर्माण | | कार्यपालिकासदस्य– श्रीरामनरेश रजक र योजना शाखा प्रमुख | |

उपभोक्ता समिति गठन गर्दा पालन गर्नुपर्ने शर्तहरू

१.उपभोक्ता समिति गठन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने समुदायको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमै ७(सात) देखि ११(एग्घार) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

२. उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकता प्रमाण-पत्रको प्रतिलिपी र अटो साईजको फोटो २(दुई) प्रति पेश गर्नुपर्नेछ ।

३. उपभोक्ता समितिका सदस्यहरूमा कम्तिमा ३३% महिला हुनुपर्नेछ । समितिको अध्यक्ष सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला पदाधिकारी हुनुपर्नेछ ।

४. एक न्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन् साथै एकासगोलका परिवारबाट एक जना मन्दा बढी न्यक्ति समितिको सदस्य हुन पाउनेछैन् ।

५. उपभोक्ता समितिमा राजनैतिक दलको कुनै पनि पदमा आसिन न्यक्ति सरकारी कर्मचारी शिक्षक, सरकारी पेश्की वा बेरुजु फर्छयौट नगरेका ब्यक्ति र फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन बर्ष ननाघेको र सरकारी सम्पत्ति हिनामिना गरेको व्यक्ति उपभोक्ता समितिको सदस्य हुनपाउने छैन् ।

६. उपभोक्ता समिति गठन गर्दा समावेशी हुने गरि गठन गर्नु पर्नेछ ।

७.उपभोक्ता समिति गठन गर्दा नियमानुसारको एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति समेत गठन गर्नुपर्नेछ ।

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८२।२०८३
च.नं. :

E-mail : info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com

८. उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन् ।

९.उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखत्तबाट संचालन गर्ने निर्णय भएको हुनु पर्नेछ ।

१०. उपभोक्ता समितिमा आबद्ध व्यक्तिहरू मध्ये अध्यक्ष, सचिव र कोषाध्यक्ष अनिवार्य रूपमा साक्षर तथा अन्य सामान्यतया साक्षर भएको हुनु पर्नेछ ।

११. उपभोक्ता समितिले कार्यालयले व्यहोर्ने रकमको कम्तीमा १० प्रतिशत नगद वा जनश्रमदान वापत व्यहोर्नु पर्नेछ ।

१२.नगरपालिकाबाट स्वीकृत अन्य सबै शर्तहरुको पूर्णपालना गर्नुपर्ने छ ।

विजय नारायण ठाकुर
नि.प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत